# माध्यमिक तहमा स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यान्वयनको अवस्था

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह, दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण

विषयको आंशिक आवश्यकता पुरा गर्ने प्रयोजनार्थ प्रस्तुत

शोध प्रतिवेदन


शोधकर्ता

माधव न्यौपाने

परीक्षा रोल नं. : २८००५७/२०६७

त्रि.वि.द.नं. : ९-२-९-९८३-२००५



त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय

पाठ्यक्रम तथा मूल्याङ्कन

केन्द्रीय विभाग,

कीर्तिपुर, काठमाडौं

२०६९

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**त्रि.वि कीर्तिपुर**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौ स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र माधव न्यौपानेले मेरो प्रत्यक्ष निर्देशनमा रही **माध्यमिक तहमा स्वास्थ्य,जनसंख्या तथा वातावरण शिक्षको पाठ्यक्रम कार्यान्वयनको अवस्था** शीर्षकको शोध प्रतिवेदन तयार गर्नु भएकोले उहाँको शोध प्रतिवेदनलाई  आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु।

.............................

शोध निर्देशक

उप.प्रा. किरणराम रञ्जितकार

मिति : २०६९/ ४/२३

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**त्रि.वि कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आशिंक आवश्यकता परिपूर्तिको लागि यस विश्वविद्यालयका छात्र माधव न्यौपानेले **"माध्यमिक तहमा स्वास्थ्य,जनसंख्या तथा वातावरण शिक्षको पाठ्यक्रम कार्यान्वयनको अवस्था"** शीर्षकमा शोध प्रतिवेदन तयार गरी मूल्याङ्कन गर्न शोधनिर्देशकको सिफारिसका साथ यस समितिमा पेश गरिएकोमा आवश्यक मूल्याङ्कन गरि स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्राध्यापक स्वयम प्रकाश ज.व.रा. | ............................ |
| (विभागीय प्रमुख) | |
| उप.प्रा किरणराम रञ्जितकार | ............................ |
| ( शोध निर्देशक) | |
| उप.प्रा. शिवराज वढू | ............................ |
| (वाह्य परिक्षक) | |

मिति २०६९/४/३०

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आशिंक आवश्यकता पुरा गर्नको लागि यो शोध प्रतिवेदन तयार गरिएको हो । यस अध्ययनको क्रममा सुरु देखि प्रतिवेदन तयारी सम्मको अवधिमा आफ्नो अमूल्य समय खर्चेर परामर्श तथा निर्देशन दिनुहुने आदरणिय गुरु शोध निर्देशक किरणराम रञ्जितकार ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । यसै कार्यमा समय समयमा  रचनात्मक सुझाव, सल्लाह दिएर सहयोग गर्नुहुने आदरणिय गुरु विभागीय प्रमुख प्रा. स्वयम प्रकाश ज.व.रा.तथा अन्य गुरुहरु उप.प्रा शिवराज वढू,उप.प्रा विश्ववाला थापा,उप. प्रा यशोधरा पन्त ज्यू हरु प्रति आभार प्रकट गर्दछु ।

अध्ययनलाई पुरा गर्न आवश्यक सूचना उपलब्ध गराएर सहयोग गर्नुहुने श्री वैष्णवि मा.वि कीर्तिपुर का प्र.अ. युवराज न्यौपाने र कक्षा ९ को स्वास्थ्य,जनसंख्या तथा वातावरण शिक्षाका  विषयशिक्षक अन्जु संग्रौला, श्री जनसेवा उच्च मा.वि कीर्तिपुर का प्र.अ नन्दकुमारी महर्जन र कक्षा ९ को स्वास्थ्य,जनसंख्या तथा वातावरण शिक्षाका  विषय शिक्षक पुष्पसिंह थापा मगर तथा श्री आदिनाथ मा.वि चोभार का प्र.अ जुजुभाइ महर्जन र कक्षा ९ को स्वास्थ्य,जनसंख्या तथा वातावरण शिक्षाका  विषयशिक्षक संगिता खनाल ज्यू हरु को अमुल्य सहयोगका लागि धन्यवाद ब्यक्त गर्दछु ।

यो शोधपत्र तयार पार्ने क्रममा विभिन्न समयमा छलफल, अन्तरक्रिया तथा सहयोग प्रदान गर्नुहुने मित्रहरु खगेन्द्र सिग्देल, महेशराज जोशी, इन्द्रराज अर्याल, मनोज विष्ट, सुरेस ढुङ्गाना लाई धन्यवादका पात्र ठानेको छु । अत्यमा यो प्रतिवेदनलाई कम्प्यूटर  टाइप गरी सहयोग पुर्याउनु हुने मित्र इन्द्र श्रेष्ठलाई हार्दीक धन्यवाद ।

अध्ययनकर्ता

माधव न्यौपाने

## शोध सार

स्वास्थ्य,जनसंख्या तथा वातावरण शिक्षाको शिक्षण सिकाई वाट मुलत स्वास्थ्य,जनसख्या, वातावरण र विकास विचको अन्तरसम्वन्धको वारे विद्यार्थीमा आवश्यक ज्ञान सीप धारणा विकास हुने तथा सामाजिक मुल्य मान्यता प्रति सकारात्मक सोचको विकास भइ विवेकपुर्ण निर्णय लिनसक्ने क्षमताको विकास हुने अपेक्षा गरीएको छ । वि.सं २०५६ वाट माध्यमिक तहमा अनिवार्या विषयको रुपमा लागु गरीएको यस विषयको पाठ्यक्रमलाई माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ अनुसार परिमार्जन गरि हाल सम्म सोहि परीमार्जित पाठ्यक्रम कार्यान्वयनमा रहेको छ । पाठ्यक्रमका अपेक्षित उपलब्धि विद्यार्थीमा हासील गराउन यसको वास्तविक मर्म अनुरुप कार्यान्वयन गर्नु आवश्यक छ । तर्सथ पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्तालगाउन "माध्यमिक तहमा स्वस्थ्य, जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यान्वयनको अवस्था"शिर्षक लाई मुख्य समस्याको रुपमा लिएको हो । यस शोध प्रतिवेदन वाट पाठ्यक्रम कार्यान्वयनको क्रममा आएका समस्या समाधान गर्न मार्गनिर्देशन भइ पाठ्यक्रमको वास्तविक कार्यान्वयन गर्न सहयोग पुने देखिन्छ ।

यस अध्ययनलाई सम्पन्न गर्न दुईवटा उद्देश्य -"स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यान्वयनको आस्था पहिचान गर्नु , पाठ्यक्रम कार्यान्वयन लाई प्रभावकारी वनाउन चालिएका कदमको लेखाजोखा गर्नु " निर्धारण गरिएको थियो । यो अध्ययनलाई पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमूना को आधारमा विश्लेषण गरि गुणात्मक रुपमा सम्पन्न गरीएको छ । काठमाडौ जिल्ला कीर्तिपुर नगरपालिका भित्रका तिन वटा सामुदायिक माध्यमिक विद्यालयका प्र.अ. तथा सम्वन्धित विषयका विषयशिक्षक सँग असंरचित अन्तरवार्ता द्धारा सूचना संकलन गरीएको थियो भने थप सूचना संकलन गर्न दस्तावेज अध्ययन, कक्षा अवलोकन , विद्यालय सर्वेक्षण फारम जस्ता साधन पनि प्रयोग गरिएको थियो । त्यस्ता साधनको निर्माण पश्चात साथिसमुह छलफल तथा शोध निर्देशक वाट तार्किक विश्लेषण गराई वैधता निर्धारण गरिएको थियो । त्यस्ता साधन वाट प्राप्त सूचनालाइ शोधकर्ताले आफ्नो दृष्टिकोणका साथ विश्लेषण गरीएको छ ।

पाठ्यक्रम कार्यान्वयन गर्न पाठ्यक्रमले विभिन्न विषयवस्तु अनुसार अध्ययापन गर्न आवश्यक पर्ने विधि, शैक्षिक सामग्री, क्रियाकलाप तथा अन्य पुर्वाधार स्पष्ट उल्लेख गरेको छैन भने पाठ्यक्रमको आवश्यक्ता अनुसारको पुर्वाधार, शैक्षिक सामाग्री विद्यालयमा अभाव रहेका छन । विद्यालय ए का विषयशिक्षक हाल सम्म पनि तालिम अप्राप्त रहेको र अन्य विद्यालयका शिक्षक तालिम प्राप्त भए पनि स्वास्थ्य वा जनसंख्या कुनै एक विधामा मात्र विशिष्टिकरण गरेका ति शिक्षकको स्वास्थ्य जनसंख्या तथा प्रवचन, प्रश्नोत्तर विधि लाइ नै प्रमुख रुपमा प्रयोग गर्ने तथा शिक्षकले तालिममा सिकेका कुरा व्यवहारमा

लागु नगर्नाले पाठ्यक्रमको वास्तविक कार्यान्वयनको अवस्था कमजोर रहेको तथा यसलाई प्रभावकारी वनाउन धेरै काम गर्न बाँकि रहेको तथा गरीएका कार्यको प्रभाव पनि फितलो रहेको निर्श्कष निकालिएको छ विद्यालयको भौतिक पुर्वाधार सुधार गर्ने, सम्वन्धित विषयका तिनवटै विद्यामा विशिष्टिकरण गरेका शिक्षक नियूक्ति गर्ने,  शैक्षिक सामाग्रीको प्रयोग तथा शिक्षणविधिमा सुधार गर्ने साथै शिक्षकको सक्रियता र कार्यदक्षताको आधारमा ग्रेड वृद्धि तथा वढुवा गर्ने व्यवस्था लागु गर्नसकेमा शिक्षक पेशा प्रति संवेदनसिल भएर लाग्ने जसको फलस्वरुप पाठ्यक्रमको वास्तविक कार्यान्वयनको स्तर वृद्धि हुने देखिन्छ ।

# विषय सूची


| | पेज नं. |
|---|---|
| *सिफारी पत्र* | *I* |
| *स्वीकृति पत्र* | *II* |
| *कृतज्ञता ज्ञापन* | *III* |
| *शोध सार* | *IV* |
| *विषय सूची* | *VI* |
| **परिच्छेद एक** | |
| **परिचय** | **१-८** |
| १.१ अध्ययनको पृष्ठभूमी | १ |
| १.२ अध्ययनको औचित्य | ५ |
| १.३ समस्याको कथन | ६ |
| १.४ अनुसन्धान प्रश्नहरू | ७ |
| १.५ अध्ययनको उद्देश्य | ७ |
| १.६ अध्ययनको परिसिमा | ८ |
| **परिच्छेद दुई** | |
| **सम्वन्धित साहित्यको पुनरावलोकन** | ९-१२ |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | ९ |
| २.१.१ संगठनात्मक विकास नमूना | ९ |
| २.२ अनुशन्धानात्मक साहित्यको पुनरावलोकन | १० |
| २.३ अध्ययनको अवधारणात्मक ढाँचा | ११ |
| **परिच्छेद तीन** | |
| **अध्ययन विधि** | १३-१६ |

३.१ अनुसन्धान ढाँचा १३
३.२ जनसंख्या र नमूना १३
३.२.१ विद्यालयको छनोट १४
३.२.२ प्र.अ. र विषयशिक्षक छनोट १४
३.३ अध्ययनका साधनहरू १४
३.४ साधनको वैधता १५
३.५ सूचना संकलन प्रक्रिया १६
३.५.१ प्राथमिक सूचना संकलन प्रक्रिया १६
३.५.२ सहायक सूचना संकलन प्रक्रिया १६
३.६ सूचना विश्लेषण प्रक्रिया १६
**परिच्छेद चार**
**सूचनाको विश्लेषण र व्याख्या** १७-३८
४.१ विद्यलयमा पुर्वाधारको आवश्यकता र वर्तमान अवस्था १७
४.२ पाठ्यक्रम कार्यान्वयनको स्वरुप १९
४.२.१ पाठ्यक्रम कार्यान्वयनको क्रममा कक्षाक्रियाकलाप २०
४.३ पाठ्यक्रम कार्यान्वयलाई प्रभावकारी वनाउन चालिएका कदमहरु ३४
**परिच्छेद पाँच**
**प्राप्ति, निष्कर्ष र सुझाव** ३९-४३
५.१ प्राप्ति ३९
५.२ निष्कर्ष ४०
५.३ सुझाव ४१
सन्दर्भग्रन्थ सूची ४४
अनुसूची १ ४६
अनुसूची २ ४७
अनुसूची ३ ४८
अनुसूची ४ ४९